आज मिति २०७७ फागुन २६ गते बुधबारको दिन दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०४ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री मोहन खड्का (का.बा.वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री मनोज बुढथोकी (ईन्जिनियर)
२. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/११/२५ गते नगर प्रमुखज्यूबाट मिति २०७७/११/२६ गतेको नगर कार्यपालिकाको १०४ औं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | १५ शैयाको आधारभुत अस्पताल सम्बन्धमा । | • यस कार्यपालिकाको मिति २०७७/०९/२६ को ९८ औं बैठकबाट यस नगरपालिका वडा नं.१ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको नगर अस्पतालमा स्तर वृद्धि गर्ने भनिएकोमा उक्त स्थानको स्थलगत निरिक्षण गर्दा प्राविधिक दृष्टिकोणबाट उक्त स्थानमा भवन निर्माण गर्न उपयुक्त नदेखिएको र सोही स्थान नजिक चाल्नाखेल खानेपानी मुहान समेत रहेको हुदाँ उक्त स्थानमा नगर अस्पताल निर्माण गर्न उपयुक्त नदेखिएकोले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आ.ब.०७८/०७९ मा १५ शैयाको आधारभुत अस्पताल निर्माण कार्य प्रारम्भ गर्ने गरी अनुदान प्राप्त हुने भएको हुदाँ यस नगरपालिकाको वडा नं.६ मा रहेको दक्षिणकाली स्वास्थ्य चौकीलाई १५ शैयाको आधारभुत अस्पतालमा स्तरोन्नती गर्नको लागी तोकिएको मापदण्ड बमोजिम यस नगरपालिका वडा नं.६ को पौचो डाँडामा दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको स्वामित्वमा रहेको जग्गा मध्ये १५ रोपनी जग्गामा आधारभुत अस्पताल निर्माण गर्नको लागी जिल्ला समन्वय समितिको सिफारिस सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने र हाल यस नगरपालिका वडा नं. १ मा रहेको चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रलाई थप सुविधा सम्पन्न बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउने । |
| २. | बाँसबारी पार्क (पिकनिक स्पोर्ट र पार्क) सम्बन्धमा । | • पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपजको विकास साझेदारी कार्यक्रम अन्तर्गत द.न.पा.४ को बाँसबारी पार्क (पिकनिक स्पोर्ट र पार्क) को लागी सँस्कृती, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयबाट विनियोजित रकम रु.४,५५,००,०००।- (चार करोड पच्पन्न लाख) र यस नगरपालिकाबाट साझेदारी लागत रकम रु.२,४५,००,०००।- (दुई करोड पैतालिस लाख) गरी जम्मा रु.७,००,००,०००।- (सात करोड) को आयोजना सञ्चालन हुने भएको हुदाँ उक्त आयोजना स्थलको माटो परिक्षण र थ्रि डि डिजाईन तयार गर्न परामर्श सेवा लिने । |
| ३. | DPR स्वीकृत सम्बन्धमा । | • यस नगरपालिका क्षेत्र भित्रं अति आवश्यक भएका तपसिलका आयोजनाहरुको डि.पि.आर.आवश्यक भएको हुदाँ डि.पि.आर.तयार गर्न परामर्श सेवा लिने ।<br>तपसिल<br>क) शेषनारायण बृहत खानेपानी आयोजना,<br>ख) चाल्नाखेल पिपलबोटबाट पाखाचोक हुदै दक्षिणकाली गेट जोड्ने सडक,<br>ग) नगर सभाहल निर्माण,<br>घ) १५ शैयाको आधारभुत (पालिका स्तरको) अस्पताल,<br>ङ) निर्वाचन क्षेत्र स्तरिय रणनीतिक सडक,<br>च) नगरपालिका प्रशासनीक भवन । |

तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ४. | विविध । | • यस कार्यपालिकाको मिति २०७७/०८/१८ को ९५ औं बैठकको निर्णय नं.४ को बुदाँ नं.७ मा द.न.पा.५ बसपार्क - ढेबी सडक ढैलानको लागी रकम रु.५,००,०००।- विनियोजन भएकोमा उक्त शिर्षक परिमार्जन गरी बसपार्क - ढेबी सडक ढल निर्माण कायम गर्ने । |

तुलसी बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत